परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १४५ पृष्ठ ४ २०८० कार्तीक १८ गते, शनिबार 4 Nov., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




समाचार पृष्ठ ३ मा

## क्रिकेटको डेढ करोड नगद पुरस्कार निकासा

बोक्सी आरोपमा फेरि ज्यादती

# दलित महिलाको हात भाँचियो, छोराको टाउको फुटाइयो

### परिवारका ६ सदस्यमाथि आक्रमण, १५ दिनमै दुईपटक कुटपिट, संलग्न चारमध्ये दुई पक्राउ



जनकपुरस्थित सहयोगी अस्पतालमा उपचाररत इतरियादेवी राम र उनका छोरा सुरेन्द्र राम

> मलमूत्र खुवाउने धम्कीसमेत दिएको प्रारम्भिक जानकारी पाएका छौँ : डिएसपी दिलीपकुमार गिरी प्रवक्ता, जिल्ला प्रहरी कार्यालय, महोत्तरी



> बोक्सी भनेर कुटपिट गरेको र मलमूत्र खुवाउने धम्कीसमेत दिएको प्रारम्भिक जानकारी पाएका छौँ। घटनाबारे सत्यतथ्य पत्ता लगाउँदै छौँ। दोषीमाथि कारबाही हुन्छ।

• रञ्जन भण्डारी

महोत्तरी । महोत्तरीमा कथित बोक्सी आरोपमा फेरि दलित महिलासहित उनका परिवारका सदस्यमाथि नै कुटपिट भएको छ। गौशाला नगरपालिका- ११, लक्ष्मीनियाका चन्द्रशेखर यादव, सन्तोष यादव, विनोद पासमान र राम केवल भनिने केवल महतो नुनियाले मंगलबार स्थानीय ६६ वर्षीया इतरियादेवी रामसहित परिवारका ६ सदस्यहरूमाथि आक्रमण गरेका हुन् । कुटपिटबाट इतरियादेवी, श्रीमान् रामचन्द्र राम, छोराहरू देवेन्द्र राम र सुरेन्द्र राम तथा बुहारीहरू सम्तोलियादेवी र सुन्दरदेवी घाइते भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी दिलीपकुमार गिरीले जानकारी दिए। उनका अनुसार कुटाइबाट इतरियादेवीको बायाँ हात भाँचिनुका साथै शरीरभर चोट लागेको छ, सुरेन्द्रको टाउको फुटेर ६ टाँका लगाउनुपरेको छ, सम्तोलियादेवीको कम्मरमा गम्भीर चोट लागेको छ भने देवेन्द्रको पनि शरीरभर चोट छ। इतरिया र सम्तोलियाको जनकपुरस्थित सहयोगी अस्पतालमा उपचार भइरहेको छ। देवेन्द्र र सुरेन्द्रको गौशालास्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ। त्यस्तै, कुटपिटबाट चोट लागेका रामचन्द्र र सुन्दरदेवी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारपछि हाल डिस्चार्ज भइसकेका छन्। घटनाबारे घाइते सुरेन्द्रले भने, 'म घरभित्र कोठामा थिएँ। बाहिर आमालाई कुटिरहेको र आमा कराएको सुनेपछि हतार-हतार निस्किएँ। आमा भएतिर जाँदै गर्दा मेरो टाउकोमा चिर्पटले हाने। आमा, बुबा, श्रीमती, भाइ र बुहारीले कुटाइ खाइरहँदा पनि जोगाउन सकिनँ।' उनले आमालगायत आफूहरूमाथि कुटपिट गर्नेलाई कारबाहीको माग गरेका छन्। प्रहरीले आक्रमणकारी मध्ये सन्तोष यादव र विनोद पासमानलाई बुधबार पक्राउ गरेको छ। पीडित पक्षको जाहेरी लगत्तै उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूविरुद्ध बोक्सी आरोपमा गरेको कुटपिट कसुरमा मुद्दा दर्ता भई अदालतबाट समेत म्याद लिएर अनुसन्धान भइरहेको प्रवक्ता गिरीले बताए। 'बोक्सी भनेर कुटपिट गरेको र मलमूत्र खुवाउने धम्कीसमेत दिएको प्रारम्भिक जानकारी पाएका छौँ,' उनले भने, 'दुईजना पक्राउ परिसकेका छन्, घटनाको सत्यतथ्य पत्ता लगाएर दोषीमाथि कारबाही हुन्छ।'

बाँकी पृष्ठ ३ मा

# नेपाल १० वर्षपछि टी-२० विश्वकपमा छनोट



• टक नेपाल

काठमाडौं। नेपाल १० वर्षपछि टी-२० विश्वकप क्रिकेटमा छनोट भएको छ। शुक्रबार काठमाडौंको मूलपानी मैदानमा संयुक्त अरब इमिरेट्स (युएई) लाई ८ विकेटले हराउँदै नेपाल सन् २०२४ को जुनमा अमेरिका र वेष्ट इन्डिजमा हुने टी-२० विश्वकपमा छनोट भएको हो। यसअघि नेपालले सन् २०१४ मा बंगलादेशमा भएको टी-२० विश्वकप खेलेको थियो। मूलपानी मैदानमा युएईले दिएको १३५ रनको लक्ष्य पछ्याउने क्रममा नेपालका आशिफ शेखले सर्वाधिक ६३ रन बनाए। त्यस्तै कप्तान रोहित पौडेलले ३५, गुल्सन झाले २२, कुशल भुर्तेलले ११ रन जोडे। पहिले ब्याटिङ गरेको युएईलाई मध्यम स्कोरमा रोक्न नेपालका कुशल मल्लले महत्वपूर्ण ३ विकेट लिएका थिए। ३ ओभर बलिङ गरेका उनले ११ रन खर्चेर ३ विकेट लिएका थिए। त्यस्तै सन्दीप लामिछाने ले २, सोमपाल कामी र रोहित पौडेलले १/१ विकेट लिए। काठमाडौंमा भएको छनोट खेलबाट ओमान पनि विश्वकपमा छनोट भएको छ। नेपाल र ओमान छनोट भएपछि सन् २०२४ मा हुने टी-२० विश्वकप खेल्ने १८ टोली छनोट भइसकेका छन्। आईसीसी मेन्स टी-२० विश्वकप २०२४ मा कुल २० टिमले प्रतिस्पर्धा गर्नेछन्। जसमा वेष्ट इन्डिज र अमेरिका आयोजकको रुपमा छन् र सीधै छनोट भइसकेका छन्।

बाँकी पृष्ठ २ मा



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# प्रहरीको हचुवा कदम

सोमवार दिउँसो कलैयाबाट एकदमै नराम्रो खबर आयो । एक निजी बिद्यालयका संचालकमाथि गोली प्रहार भएको घटना सार्वजनिक भयो अनि केही समयपछि गोली लागेका व्यक्तिको मृत्यु भएको खबर बाहिरिएपछि कलैयासहित यस आसपासका नागरिकहरुमा त्रास पैदा भयो । धेरैले भारतीय अपराधीहरुको घटनामा संलग्नता रहेको अनुमान लगाए । त्यसो त यो घटना यसै पनि अपराधिक नै हो । फेरि विगतमा जस्तै संगठित अपराधीहरुको चलखेल बारा र पर्सामा बढ्यो कि भन्ने त्रास नागरिकहरुमा देखिएको थियो । करिब २४ घण्टा पनि बित्न नपाउदै फेरि सो अपराधिक घटनामा तथाकथित प्रेमको कुरा आयो । सोचेभन्द फरक कुरा आएपछि सबै आश्चर्यमा परे अनि धेरथोर कमजोरी मृतकप्रति पनि देखियो भन्दै मृतकप्रतिको सहानुभूति घट्दै प्रहरीको कदमको वाहीवाही भयो । प्रहरीले २४ घण्टा पनि बित्न नपाउदै अपराधी पक्राउ गर्यो भनेर बारा प्रहरीको प्रशंसा भयो । प्रहरीले घटनाको कथा अर्को नै बताएपछि संगठित अपराधको त्रासबाट नागरिक मुक्त भए । प्रहरीले बुधवार कलैयामा पत्रकार सम्मेलन गरी विद्यालय संचालक रुपेश सरार्फको हत्यामा संलग्न रहेको भन्दै पाँचजनालाई सार्वजनिक गरेको एक घण्टापनि बित्दै नपाउदै परिवारले आपत्ति जनाए । प्रहरीको भनाइमा परिवार विश्वस्त भएन । स्वतन्त्र रुपमा हेर्दा पनि प्रहरी यो घटनाको गहिराइमा पुग्दै नपुगी हतारिएको देखिएको छ । घटनामा संलग्न मुख्य भारतीय अपराधीहरुलाई पक्राउ गर्न नसकेपछि प्रहरीले कलैयाकै अझै सरार्फ विद्यालयका २ शिक्षकलाई पक्राउ गरी हत्याको आरोप लगाएको छ । उनीहरुको हत्यामा जे जस्तो संलग्नता भए पनि मुख्य अपराधीहरु पक्राउ नपरेका कारण प्रहरी सरार्फको हत्या सवालमा चुकेकै देखिन्छ । यद्यपि अझै हत्याराहरु पक्राउ गरी थप कुरा सार्वजनिक गर्ने अवसर प्रहरीलाई छदैछ ।




हरेक नेपेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ ।

## मनोरञ्जन

# '१२ वीं फेल' ले एक सातामै कमायो १३ करोड

● टक नेपाल



काठमाडौं । पछिल्लो समयमा कम बजेटका फिल्महरूले बक्स अफिसमा नयाँ-नयाँ रेकर्ड बनाइरहेका छन् । भारतीय सञ्चारमाध्यमहरूका अनुसार फिल्म '१२ वीं फेल' लाई दर्शकले खुबै रूचाइरहेका छन् । सामाजिक सञ्जालमा यो फिल्मको प्रशंसा भइरहेको छ । यति मात्र होइन, यो फिल्मले एक सातामै भारतीय बक्स अफिसमा १३ करोड भारू कमाएको छ । १ करोड १० मा ओपनिङ गरेको फिल्मले दोस्रो दिन २ करोड ५० लाख, तेस्रो दिन ३ करोड १० लाख, चौथो दिन १ करोड ५० लाख, पाँचौ दिन १६५ लाख, छैटौं दिन १ करोड ८५ लाख र सातौं दिन १ करोड ३० लाख भारू कमाएको छ । विधु विनोद चोपडा निर्देशित फिल्मले आगामी दिनमा अझै राम्रो कमाइ गर्ने ट्रेड एनालिस्टहरूको अनुमान छ । फिल्मले बक्स अफिसमा सफलता हासिल गरेपछि अभिनेता विक्रान्त मैसीले भारतीय मिडियासँग खुसी साटेका छन् । इन्डिया टुडेसँग कुनाकानी गर्दै भनेका छन्, 'म दर्शकको फोन र म्यासेजले निकै खुशी छु । यो फिल्मको लागि मैले निकै मेहनत गरेको छु । दर्शकले यस फिल्मलाई रूचाउँदा म उत्साहित भएको छु ।'

# रेखा थापाद्वारा निर्मित चलचित्र उपहारको पहिलो गीत

● टक नेपाल

काठमाडौं । रेखा थापाले निर्माण तथा अभिनय गरेको फिल्म 'उपहार' को पहिलो गीत सार्वजनिक भएको छ । शुक्रबार ओएसआर डिजिटल युट्युब च्यानलमार्फत फिल्मको 'वाह वाह वाह'बोलको गीत सार्वजनिक गरिएको हो । बाबुल गिरी र एलिना चौहानको स्वर रहेको गीतमा रेखा थापा, मुकुन भुषाल, पूजा शर्मा, समर्पणजंग कार्की, बेनिशा हमाल, तेज गिरी फिचर्ड छन् । गीत शंकर अधिकारी 'घायल'ले लेखेका हुन् । संगीत भने बाबुल गिरीले भरेका छन् । गीतलाई कविराज गहतराजले कोरियोग्राफी गरेका छन् । ज्ञानेन्द्र देउजाले निर्देशन गरेको फिल्ममा रेखा थापा, बेनिशा हमाल, पूजा शर्मा, मुकुन भुषाल, तेज गिरी, समर्पणजंग कार्की, शिशिर राना, अंशु थापालगायत कलाकारको अभिनय रहेको छ । फिल्मको कथा सुलक्षण भार तीले लेखेका हुन् । सुलभ प्रतिक र समीक्षा देउजा निर्माता रहेको फिल्मका कार्यकारी निर्माता बलराम शाही ठकुरी हुन् । विष्ण कल्पितले छायांकन गरेको फिल्मलाई मित्रदेव गुरुङले सम्पादन गरेका छन् । यसअघि माघ २४ मा प्रदर्शको तयारी गरिएको यो फिल्म फागुन २५ गतेदेखि प्रदर्शन हुने बताइएको छ ।

**भिडियो हेर्न क्यूआर कोड स्क्यान गर्नुहोस् ।**

# लागुऔषध रोक्न परिणाममुखी...

राजमार्ग क्षेत्रमा सीसीटिभीको जडान लगायतका कामको बारेमा जानकारी गराउनुभयो । कार्यक्रममा जिल्लाको विभिन्न स्थानबाट सहभागी किशोरीहरुले बालबिवाह रोक्न कडा कानुन, चेलीबेटी बेचबिखन घटनालाई कडाइका साथ नियन्त्रण, प्रहरी कार्यालयमा किशोरीसँग गरिने व्यवहारमा परिवर्तन, साइबर क्राइमको नियन्त्रण र लागुऔषध नियन्त्रणका लागि अभियान सञ्चालन गर्न मन्त्रीलाई ध्यानाकर्षण गराएका थिए । कार्यक्रममा प्लान इन्टरनेशनल नेपालका प्रत्याभूत सञ्चार संयोजक अन्जु साक्यले कार्यक्रम सञ्चालन गर्दै हालसम्म ५२ जना किशोरीले विभिन्न पद हस्तान्तरण गरिसकेको र अझै यो अभियान जारी रहने बताउनुभयो । कार्यक्रममा प्लान इन्टरनेशनल नेपालका पुर्व क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रबन्धक रविशङ्कर पण्डितले किशोरीको समान शक्ति, समान स्वतन्त्रता र समान प्रतिनिधित्वका लागि अभियान सञ्चालन गरिएको जानकारी दिंदै विश्वको धेरैजसो राष्ट्रमा यस प्रकार को अभियान सञ्चालन गरी प्लान इन्टरनेशनलले किशोरीको आत्मबल बढाउन मद्दत गरेको बताउनुभयो ।

# नेपाल १० वर्षपछि टी-२० विश्वकपमा...

२०२२ को टी-२० विश्वकपमा शीर्ष आठमा रहेका अष्ट्रेलिया, इंग्ल्याण्ड, भारत, नेदरल्याण्ड्स, न्युजिल्याण्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंका सीधै छनोट भइसकेका छन् । टी-२० विश्वकपपछि वरियतामा माथि रहेका आधारमा बंगलादेश र अफगानिस्तानले पनि स्थान सुरक्षित गरेका छन् । आयरल्याण्ड, स्कटल्याण्ड, पपुवा न्युगिनी र क्यानडाले टी-२० विश्वकप रिजनल क्वालिफायर्सबाट टी-२० विश्वकपमा स्थान पक्का गरिसकेका छन् । आगामी २० नोभेम्बर देखि १ डिसेम्बरमा नामिबियामा हुने अफ्रिका क्वालिफायर फाइनलबाट दुई टिमले विश्वकपमा स्थान बनाउनेछन् ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)




हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
044-550527/9801050527/9801150527

विज्ञापनका लागि सिधा सम्पर्क गर्नुहोस् ।
परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक
www.talknepaltv.com
सम्पर्क मोवाइल नम्बर :
९८०७८२१०१४,९८६३२१०१४ र ९८०४८०४७००
talknepalnationaldaily@gmail.com

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | मेहनत गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ । | तुला | परिस्थितिवश चिताएको काम पूरा नहुन सक्छ । |
| बृष | आलोचकहरूले दुःख दिनेछन् । व्यवहारले सबैलाई समेट्ने प्रयास गर्नुहोला । | वृश्चिक | परिस्थितिको चक्रमा अलमलिनुपर्दा काममा समय लाग्नेछ । |
| मिथुन | पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ । विभिन्न अवसर पनि आउनेछन् । | धनु | सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला । | मकर | हिम्मतले काम लिँदा मनग्य लाभ हुनेछ । मेहनतले प्रतिस्पर्धाको दौडमा सफलता दिलाउनेछ । |
| सिंह | कर्मयोगबाट विशेष फाइदा हुनेछ । व्यापार बढ्नेछ भने साझेदारीबाट लाभ मिल्नेछ । | कुम्भ | प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ । अध्ययनमा समय दिन नसकिएला । |
| कन्या | पुरुषार्थी काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा विशेष स्थान प्राप्त हुन सक्छ । | मीन | बेसुरमा बोल्ने बानीले समस्या निम्त्याउनेछ । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुपर्ला । |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# क्रिकेटको डेढ करोड नगद पुरस्कार निकासा




● टक नेपाल

काठमाडौं । विभिन्न समयमा भएका क्रिकेट प्रतियोगिताको पूर्व घोषित नगद पुरस्कार अर्थ मन्त्रालयले निकासा गरेको छ । राष्ट्रिय खेलकुद परिषदका सदस्य-सचिव टंकलाल घिसिङले शुक्रबार तीन प्रतियोगिताको पूर्व घोषित एक करोड ५७ लाख ५० हजार रुपियाँ पुरस्कार निकासा भएको जानकारी दिनुभयो । गत बैशाख ५ देखि १८ गतेसम्म भएको एसीसी पुरुष प्रिमियर कपका लागि ७९ लाख, २०७९ साल फागुन १२ देखि १८ गतेसम्म भएको आईसीसी यु-१९ पुरुष सीडब्लुसी- एसिया क्लालिफायरका लागि ४६ लाख र आईसीसी सीडब्लुसी लिग- २ का लागि ३२ लाख ५० हजार नगद पुरस्कार निकासा भएको हो। सदस्य-सचिव घिसिङले पुरस्कार पाउने खेलाडीलगायतलाई बधाइ दिनुहुँदै पुरस्कारका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बूलाई धन्यवाद दिनुभयो । सदस्य-सचिव घिसिङले शुक्रबार मूलपानीमा भएको ट्वान्टी-२० विश्वकप छनोट एसिया क्षेत्रको सेमिफाइनलमा युएइलाई आठ विकेटले हराउँदै अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने विश्वकपका लागि स्थान सुरक्षित गर्न सफल नेपाली टोलीलाई बधाइ पनि दिँदै फाइनलमा सफलताका लागि शुभकामना समेत दिनु भएको छ ।



अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया ग्रप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)



For More Contacts,
Vianet Communication Limited
Bardibas Branch

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।



सुशिल ढकाल
०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

नेपाल र यूएईबीचको क्रिकेट खेल चलिरहँदा

# इन्टरनेटमा औसतभन्दा दोब्बर ब्यान्डविथ खपत




● टक नेपाल

काठमाडौं । नेपाल र यूएईबीचको क्रिकेट खेल चलिरहँदा इन्टरनेटमा औसतभन्दा दोब्बर ब्यान्डविथ खपत

काठमाडौं । आईसीसी टी-२० वर्ल्डकप एसिया छनोट अन्तर्गत शुक्रबार भएको नेपाल र संयुक्त अरब इमिरेट्स (यूएई) बीचको सेमिफाइनल खेल चलिरहँदा अधिकतम ३३.४४६ गिगाबिट्ससम्म ब्यान्डविथ खपत भएको छ । औसत १५.२७२ गिगाबिट्स ब्यान्डविथ खपत भइरहेको अवस्थामा खेल चलिरहँदा दोब्बर बढी लोकल ब्यान्डविथ खपत भएको हो । नेपाल क्रिक्रेट संघ (क्यान)ले मूलपानी क्रिकेट मैदानमा पर्याप्त क्षमता नभएको भन्दै दर्शकलाई घरमै बसेर टीभी तथा अनलाइन माध्यमबाट म्याच हेर्न अनुरोध गरेको थियो। इन्टरनेट एक्सचेन्ज नेपाल (एनपीआईएक्स) का अनुसार अन्तर्राष्ट्रिय ब्यान्डविथमा निर्भर रहेको छ। तर डीएनएस सर्भरको क्षमता वृद्धि, नेपालमा डेटा सेन्टरको विस्तार, लोकल ब्यान्डविथ खपत १५.२ गिगाबिट्स रहेको छ । लोकल ब्यान्डविथको खपत बढ्दा एकातर्फ ग्राहकले गुणस्तरीय




| | Max | Average | Current |
|---|---|---|---|
| In | 31.983 Gbits | 14.565 Gbits | 11.909 Gbits |
| Out | 33.446 Gbits | 15.272 Gbits | 12.746 Gbits |

शुक्रवार मध्यान्ह १२ बजेदेखि २ बजेको समयमा ३३.४४६ गिगाबिट्ससम्मको लोकल ब्यान्डविथ खपत भएको थियो। नेपालको इन्टरनेट धेरै हदसम्म लोकल कन्टेन्ट उत्पादन जस्ता कार्यले पछिल्लो समय नेपालको लोकल ब्यान्डविथको हिस्सा समेत बढ्दै गएको छ । हाल नेपालको औसत इन्टरनेट सेवा पाउन थालेका छन् भने अर्कोतर्फ अन्तर्राष्ट्रिय ब्यान्डविथ आयातमा खर्च हुने विदेशी मुद्रासमेत केही हदसम्म जोगाउन सहयोग पुगेको छ ।

# बोक्सी आरोपमा फेरि ज्यादती..........................

प्रहरीले पहिलो घटनालगत्तै दोषीलाई कारबाही प्रक्रियामा नल्याउँदा दोस्रो पटक गम्भीर आक्रमण गम्भीर चोटपटक लाग्ने गरी पछिल्लो आक्रमण मंगलबार (१४ कात्तिक)को हो। त्यसअघि २७ असोज (घटस्थापनाको अघिल्लो दिन)मा उनीहरूमाथि पहिलो आक्रमण भएको थियो। स्थानीयहरूका अनुसार २६ कात्तिकमा स्थानीय राम केवल महतो नुनियाले सोही ठाउँका 'धामी' विनोद पासमानलाई बोलाएर बैठका (धामी खेलाउन स्थान) राखेका थिए। सोही बैठकामा राम केवलकी अन्दाजी १७ वर्षीया छोरी लीलावती कुमारी शरीरमा देवी चढेको भन्दै बर्बराएकी थिइन्। इतरियादेवीले मरिसकेको सासूको आत्मालाई कब्जामा राखेर बोक्सीको काम गर्ने गरेको र छरछिमेकका बालबालिका बिरामी पार्ने गरेको आरोप लगाउँदै बैठकाबाट विनोद पासमान र राम केवल महतोको परिवार उनको घरमा छिरेर कुटपिट गरेका थिए। घटनाको भोलिपल्टै इतरियाका श्रीमान् राजेन्द्रले इलाका प्रहरी कार्यालय गौशालामा निवेदन दिएका थिए। प्रहरीले निवेदन अस्पष्ट भएको भन्दै झन्डै २० दिनको म्याद राखेर १७ कात्तिकका लागि (शुक्रबार) छलफलमा बोलाएको थियो। प्रहरीले पहिलो घटनालगत्तै दोषीलाई कारबाही प्रक्रियामा नल्याउँदा पीडित परिवारमाथि दोस्रोपटक गम्भीर आक्रमण भयो। मंगलबार उनीहरूले पीडित परिवारका सदस्यहरू गम्भीर घाइते हुने गरी आक्रमण गरे। आक्रमणकारीबाट पीडित परिवारलाई जोगाउने क्रममा केही स्थानीयसमेत घाइते भएका छन्। दोस्रो घटनापछि मात्रै प्रहरीले दुई आरोपीलाई पक्राउ गरेको छ। किटानी जाहेरी परेका सन्तोष यादव र विनोद पासमान पक्राउ परे पनि चन्द्रशेखर यादव र केवल महतो अझै पक्राउ परेका छैनन्।

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रो सेवाहरु



- २४ सै घण्टा इमरजेन्सी सेवा
- २४ सै घण्टा मिडियो एक्स-रे सेवा
- २४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
- २४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
- इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
- हाड जोनी तथा नशा रोग सेवा
- कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
- HDU, ICU, NICU सेवा
- २४ सै घण्टा डिलेभरी सेवा
- २४ सै घण्टा अपरेशन सेवा
- २४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
- छाती, मुटु तथा पेट रोग विशेषज्ञ
- पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ

विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

# महोत्तरीमा ट्र्याक्टर पल्टिँदा किचिएर चालकको ज्यान गयो



• टक नेपाल

महोत्तरी । महोत्तरीमा ट्र्याक्टर पल्टिदा चालकको ज्यान गएको छ । ज्यान जानेमा ट्र्याक्टरु चालक महोत्तरीकै पिपरा गाउँपालिका ६ बस्ने वर्ष ३६ का रामगुलाम यादव रहेको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी दिलीप कुमार गिरीले जानकारी दिए । उनका अनुसार प्रदेश २-०२-००१ त १९६९ नम्बरको ट्र्याक्टर शुक्रबार दिउँसो महोत्तरीको लोहरपट्टी नगरपालिका ८ भ्रमपुराको बिगही नदिको किनारमा पल्टिदाँ उनको घटनास्थलमै मृत्यु भएको हो । ट्र्याक्टर अनियन्त्रित भएर दुर्घटना भएको हुन सक्ने प्रहरीको अनुमान छ । मृतकको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको र घटना विषयमा थप अनुसन्धन गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

# जसपाले मधेश प्रदेश समितिलाई प्रशिक्षण दिने

• टक नेपाल



काठमाडौँ । जनता समाजवादी पार्टी नेपालले मधेश प्रदेशका लागि प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने भएको छ । सिरहाको लहानमा कात्तिक २० गतेदेखि सुरु हुने प्रशिक्षण तीन दिनसम्म चल्ने जसपा मधेश प्रदेश समितिका अध्यक्ष रामबाबु यादवले बताए । पार्टीले सञ्चालन गरेको तीन महिने अभियानअन्तर्गत यो प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको उनले बताए । जसपाका अध्यक्ष उपेन्द्र यादव र वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ मुख्य प्रशिक्षक हुने बताइएको छ । त्यसबाहेक अन्य नेताहरुले पनि प्रशिक्षण दिनेछन् । प्रशिक्षणमा प्रदेश समितिका सदस्य र जिल्ला समन्वय समितिका सदस्यहरु सहभागी हुने अध्यक्ष यादवले बताए । मधेश प्रदेश सरकारको नेतृत्व जसपाले गरिरहेको छ । जसपाले अन्य प्रदेशहरुमा पनि प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने बताइएको छ ।

# लागुऔषध रोक्न परिणाममुखी कामकाज अघि बढेको छ : गृहमन्त्री समिम

• टक नेपाल

जनकपुरधाम । मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री मोहम्मद सिमिमले लागुऔषध मधेश प्रदेशको प्रमुख समस्या भएको भन्दै यसको नियन्त्रणका लागि मन्त्रालयले प्रभावकारी रुपमा परिणाममुखी कामकाज अघि बढाएको बताउनुभएको छ। मन्त्रालय मातहतका सुरक्षा संयन्त्रलाई परिचालन गरी नेपाल-भारतको सिमानाका क्षेत्रमा कडाइका साथ चेकजाँच हुनेगरेको र यसले धेरै हदसम्म सुधार भएको बताउँदै आउने दिनमा अझै कडाइका साथ अभियानलाई अघि बढाइने बताउनुभयो । प्लान इन्टरनेशनल नेपालको 'गर्ल्स टेक ओभर' अर्थात् 'बालिका तथा किशोरीलाई पद हस्तान्तरण' कार्यक्रम अन्तर्गत शुक्रबार मधेश प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालयमा आयोजित कार्यक्रममा उठेका विषयको जवाफ दिने क्रममा उहाँले यस्तो बताउनुभयो । उहाँले मधेश प्रदेशको राजधानी जनकपुरधामसहित जिल्लाको सदरमुकाममा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बनेको भन्दै ठाउँ ठाउँमा ट्राफिक व्यवस्थापनका लागि



चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएको जानकारी दिनुभयो । प्रदेश प्रहरी गठन नभएसम्म प्रदेशमा काम गर्न समस्या आइरहने भन्दै सङ्घ सरकारको विभेदपूर्ण नीतिका कारण सोचेर पनि मन्त्रालयले काम गर्न नसकेको गुनासो गर्नुभयो । पत्रकारले कुनै पनि मान्छेको समाचार लेख्दा गोपनीयताको अधिकारलाई कुण्ठित गर्न नमिल्ने भन्दै मन्त्री समिमले पत्रकारको कुनै पनि अधिकार कटौती नहुने बताउनुभयो । उहाँले प्रदेश सरकारले दिंदै आएको लोककल्याणकारी विज्ञापनको रकम कटौती गरेको विषयमा विस्तृत जानकारी लिएर मुख्यमन्त्री र अर्थमन्त्रीसँग कुरा गर्ने बताउनुभयो । मन्त्री समिमले धनुषाको विदेह नगरपालिको जनता नमुना उच्च माध्यमिक विद्यालयको कक्षा १२ मा अध्यनरत विभाकुमारी यादवलाई आफू बसेको कुर्सी खालीगरी प्रतिकात्मक रुपमा मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानूनमन्त्री पदको जिम्मेवारी हस्तान्तरण गर्नुभएको थियो । केहीबेरका लागि मन्त्री बनेका विभालाई मन्त्रालयका सचिव उतम खरेलले मन्त्रालयले आर्थिक वर्ष २०८०-८१ का लागि गरिने कामकाज, बजेट र विगतमा भएका कामकाजको बारेमा जानकारी गराउनुभएको थियो । सचिवले यस आर्थिक वर्षमा प्रदेशभरि ट्राफिक व्यवस्थापन, प्रदेश प्रहरी सेवा सञ्चालन, विपत जोखिम न्यूनीकरण, प्रदेशभरीका कारागारको सुरक्षा, सञ्चार संस्थाको काम, सार्वजनिक बिदा, उत्सवको काम कानुन निर्माणका लागि विधेयक तयार पारी पेश गर्ने कामसहितका मन्त्रालयले ५९ वटा काम गरिने जानकारी दिंदै कारागार कैदीलाई सीपमूलक तालिम दिएको, घरेलु हिंसा र लागुऔषध नियन्त्रणका लागि अभियान सञ्चालन, प्रहरी चौकीको निर्माण,

»» बाँकी पृष्ठ ३ मा

घर भाडा सम्बन्धी सूचना

महोत्तरीको गौशाला नगरपालिका ५ स्थित समिर गेष्ट हाउस रहेको भवनको पहिलो तला खाली रहेको हुँदा भाडामा लिन चाहनु हुने व्यक्ति अथवा संस्थाले विस्तृत जानकारी एवं उक्त स्थान अवलोकनको लागि तपशिल बमोजिमका ठेगानामा सम्पर्क गर्न अनुरोध छ।

घरधनीको नाम : साबिर हुसेन
ठेगाना : गौशाला नगरपालिका- ५
मो. : 9819879988, 9844275864



प्रो. सुरेश चौधरी
मो. ९८५११०५९१५, ९८०६८००५१५
श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !





जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com